बागमती प्रदेश सरकार

वन तथा वातावरण मन्त्रालय

वन निर्देशनालय

# डिभिजन वन कार्यालय, रसुवा

धुन्चे, रसुवा, नेपाल

पत्र संख्याः०८२/०८३

चलानी नंः

मितिः २०८३/०१/२३

**<u>विषयः प्राकृतिक जडिबुटी संरक्षण तथा खेति विस्तार कार्यक्रम संचालनका लागि प्रस्ताव आह्वान सम्बन्धी सार्वजनिक सुचना</u>**

*(प्रथम पटक सूचना प्रकाशित मितिः २०८३/०१/२३)*

प्रस्तुत विषयमा यस कार्यालयको चालु आ.व. २०८२/०८३ को स्वीकृत जडिबुटी विकास कार्यक्रम(संघ सशर्त अनुदान) (ब.उ.शि.नं. ३२९९११२४) अन्तर्गत खर्च शीर्षक ३११५९, क्र.सं. ११.४.१७.५८१५ अन्तर्गत "प्राकृतिक जडिबुटी संरक्षण तथा खेति विस्तार" कार्यक्रम कार्यान्वयन गर्नका लागि रकम रु. ३ लाख बजेट विनियोजन भई आएकोले उक्त कार्यक्रम सञ्चालन गर्न इच्छुक वन उपभोक्ता समूह/निजी जग्गाधनी(कृषक)/सहकारी/फर्म/कम्पनीबाट यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र तपसिलमा उल्लेखित कागजातहरू संलग्न गरी व्यवसायिक योजना सहितको प्रस्ताव पेश गर्न हुन अनुरोध गरिन्छ। रित नपुगेको तथा म्याद नाघी प्राप्त हुने प्रस्तावना उपर कुनै कारबाही नहुने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ।

१. <u>निवेदनसाथ पेश गर्नुपर्ने कागजातहरू:</u>

- प्राकृतिक जडिबुटी संरक्षण तथा खेती विस्तार सम्बन्धी व्यवसायिक योजना,
- प्राकृतिक रुपमा रहेका जडिबुटी प्रजाती हुनुपर्ने,
- निजी जग्गामा वृक्षारोपण गर्ने भए सोको जग्गाधनी प्रमाण पुर्जा र तिरो तिरेको अद्यावधिक रसिद
- व्यक्ति/सहकारी/फर्म/समूह/कम्पनीको दर्ता कागजात (व्यक्तिको हकमा नागरिकता र पान नम्बर),
- समूह, सहकारी, फर्म वा कम्पनी दर्ता/नवीकरण र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि,
- सामुदायिक वनको हकमा साधारण सभाको निर्णय,लेखा परीक्षण प्रतिवेदन तथा वार्षिक प्रगति प्रतिवेदन,
- स्थानीय तहको सिफारिस पत्र,
- स्थायी लेखा नं. (PAN) दर्ता प्रमाणपत्र तथा बैंक खाता सञ्चालन प्रमाण,
- सब डिभिजन वन कार्यालयको कार्यान्वयन सम्भाव्यता खुल्ने स्थलगत प्रतिवेदन,
- वृक्षारोपण गरिएको क्षेत्रको रेखदेख/संरक्षण/हेरचाह हुने सुनिश्चितताको लागि स्वघोषणा सहित प्रतिवद्धता पत्र पेश गर्नु पर्ने,

२. प्रस्तावना पेश गर्दा प्रस्तावकको नाम, ठेगाना, सम्पर्क नम्बर स्पष्ट रुपमा उल्लेख गर्नुपर्नेछ ।

३. प्रस्ताव पेश गर्ने अन्तिम मिति र समयः २०८३/०२/०७ गते कार्यालय समयभित्र। सो दिन विदा परेमा सो पछि कार्यालय खुल्ने दिन।

४. प्रस्ताव पेश गर्ने निकाय/स्थानः डिभिजन वन कार्यालय रसुवा, धुन्चे

थप जानकारीका लागि डिभिजन वन कार्यालय रसुवा, धुन्चे र अन्तर्गतका बेत्रावती सब डिभिजन वन कार्यालय, डाँडागाउँ र थाम्बुचेत सब डिभिजन वन कार्यालय, थाम्बुचेतमा सम्पर्क गर्नु हुन अनुरोध छ ।

सम्पर्क नं.: ०१०-५४०१०७, मोबाईल नं. ९८५१४१००१५, ९८५१४१००१६ र ९८५१४१००१७

☎ ०१०-५४०१०७

इमेलः rasdfo2076@gmail.com; rasdfo.mofe@bagamati.gov.np ; वेबसाइटः https://www.dforasuwa.gov.np

Scanned with CamScanner